# सिस्ने गाउँपालिका कृषि तथा पशुपन्छी, मत्स्य सेवा फर्म तथा समुह दर्ता एवं नविकरण सम्वन्धी कार्यविधि २०८१

प्रस्तावनाः

स्थानिय सरकार संचालन ऐन २०७४ अनुसार स्थानिय सरकारले प्राप्त अधिकार क्षेत्रभित्र रहेर यस पालिका भित्र संचालनमा रहेका र संचालन हुने कृषिजन्य,पशुपन्छीजन्यय तथा माछाजन्य(उत्पादन प्रशोधन देखि बजारीकरण सम्मका)व्यवसायहरुलाई व्यवस्थित गर्दै कृषि तथा पशुपन्छी व्यवसायहरु संचालनमा प्रेरित गर्न र नियमन कार्यको लागि , कृषि तथा पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखिबाट व्यवसायिकरणमा परिणत गर्न र तिव्र गतिमा लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक भएको छ । यसका लागि कृषि तथा पशुपन्छी उत्पादन,प्रशोधन तथा बजारीकरण गरी कृषकहरुलाई थप बढी प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने सहयोग तथा कार्यक्रमलाई अझ बढी प्रभावकारी एवं पारदर्शी रुपमा लक्षित वर्ग सम्म पुर्याउन र कृषि पशु व्यवसायलाई आर्थिक उपार्जन, स्वरोजगार प्रवर्द्धन एवं गरिबी न्यूनिकरणको माध्यमबाट राष्ट्रिय अर्थ व्यवस्थामा ठोस योग्दान पुर्याउनका साथै युवाहरुको वढ्दो बैदेशिक पलायनलाई निरुत्साहित यस गाउँपालिकामा कृषि तथा पशुपन्छी व्यवसायको माध्यमबाट गाउँपालिकाको विभिन्न निती तथा कार्यक्रमलाई सहज,सरल,पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधान, २०७२ को धारा २२३ र स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा (१०२) र प्रशासकीय कार्यविधि(नियमित गर्ने) ऐन २०७४ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सिस्ने गाउँ कार्यपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१

१) संक्षिप्त नाम र प्रारम्भः

१)यस कार्यविधिको नामः कृषि तथा पशुपन्छी, मत्स्य सेवा फर्म तथा समुह दर्ता एवं नविकरण सम्वन्धी कार्यविधि २०८१ रहेको छ ।

२)यो कार्यविधि राजपत्रमा प्रकाशन भए पश्चात तुरुन्त लागु हुनेछ ।

२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) गाउँपालिका भन्नाले सिस्ने गाउँपालिका सम्झनुपर्दछ ।

ख) शाखा भन्नाले यस सिस्ने गाउँपालिकाको कृषि तथा पशुपन्छी विकास शाखालाई सम्झनुपर्दछ ।

ग) कार्यालय भन्नाले सिस्ने गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्दछ ।

घ) वडा भन्नाले सिस्ने गाउँपालिका अन्तर्गतका ८ वटै वडाहरु सम्झनुपर्दछ ।

ङ) प्रमुख भन्नाले सिस्ने गाउँपालिकाको प्रमुख (अध्यक्ष) सम्झनुपर्दछ ।

च) उप प्रमुख भन्नाले सिस्ने गाउँपालिकाको उप प्रमुख(उपाध्यक्ष) सम्झनुपर्दछ ।

छ) कार्यपालिका सदस्य भन्नाले सिस्ने गाउँ कार्यपालिकाको सदस्यहरुलाई सम्झनुपर्दछ ।

ज) प्रमुख प्रशासकीय अधिकृत भन्नाले सिस्ने गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

झ) शाखा प्रमुख भन्नाले सम्वन्धीत शाखाको प्रमुखलाई सम्झनुपर्दछ ।

ञ) व्यवसायि भन्नाले कृषि तथा पशुपन्छीको व्यवसाय गर्ने व्यक्ति वा व्यक्तिहरुको समुहलाई समझनुपर्दछ ।

ट) फर्म भन्नाले उद्योगी व्यवसायिले गाउँपालिकाले कानुनत व्यवसाय दर्ता गरी उद्देश्य वमोजिम कारोबार गर्न दिइने सहमति सम्झनुपर्दछ ।

ठ) कृषक समुह भन्नाले न्युनतम १५ देखि २५ जना कृषक संगठित भई यस कार्यविधि वमोजिम गठन भएको समुहलाई सम्झनुपर्दछ ।

ड) कृषक भन्नाले १ वटा ठुलो टाउको भएको चारखुट्टे पशुपालेको वा ५ वटा सानो टाउको चार खुट्टे पशपालेको वा माउ र चल्ला गरी २० वटा भन्दा वढी पालन गरेको वा ८ आना जग्गामा खेति लगाएकोलाई सम्झनुपर्दछ ।

ढ) दर्ता भन्नाले गाउँपालिकाको क्षेत्रभित्र संचालित व्यवसाय कृषि तथा पशुपन्छी, मत्स्य सेवा फर्म तथा समुह दर्ता एवं नविकरण सम्वन्धी कार्यविधि २०८१ अनुसारको अभिलेखमा आवद्ध भएको व्यवसाय फर्मलाई सम्झनुपर्दछ ।

ण) कार्यविधि भन्नाले कृषि तथा पशुपन्छी, मत्स्य सेवा फर्म तथा समुह दर्ता एवं नविकरण सम्वन्धी कार्यविधि २०८१ सम्झनुपर्दछ ।

३) उद्देश्यः

क) कृषि तथा पशुपन्छी विकास शाखाका कार्यक्रम संचालनमा सहयोग पुर्याउने ।

ख) विनियोजित रकमलाई पारदर्शी बनाई संचालन गर्न सहयोग पुग्ने ।

ग) सम्भाव्यता हेरी कार्यक्रम प्रसारमा सहयोग पुग्ने ।

घ) गाउँपालिकालाई दुध,मासु,अण्डा,माछा, तरकारी फलफुल र अन्नमा आत्म निर्भर बनाई निर्यात गर्न सहयोग गर्ने ।

ङ) कृषि तथा पशु व्यवसायको उद्यमशिलता प्रवर्द्धन एवं व्यवसायिकरण गर्नका लागि आवश्यक प्रविधि तथा सीपलाई न्युन वर्गसम्म पुर्याउन सहयोग स्वरुप अनुदान प्रदान गर्ने ।

च) कृषि तथा पशुपन्छी व्यवसायबाट उत्पादित वस्तु तथा उपजको गुणस्तर सुधार र उत्पादन लागत न्युनिकरण गर्नु ।

छ) कृषि तथा पशुपन्छी व्यवसायलाई प्रभावकारी तरिकाले संचालन गर्नको लागि विभिन्न प्रकारका विउँ रसायनिक मल कृषि औजार तथा विभिन्न प्रकारका तालिमहरु समय समयमा संचालन गर्ने ।

४) क्षेत्रः

सिस्ने गाउँपालिका क्षेत्र भित्रका कृषि तथा पशुपन्छी व्यवसायसंग सम्वन्धीत सबै व्यवसायहरुलाई यस कार्यविधिले समेत्नेछ ।

## परिच्छेद- २

कृषि फर्म।पशुपन्छी फर्म।दाना पसल।डेरी।मासु पसल । समुह कृषि तथा पशुपन्छी विकास शाखामा दर्ता प्रक्रियाः

५) उद्देश्यः

- कृषि फर्म।पशुपन्छी फर्म।दाना पसल।डेरी।मासु पसल । समुह कृषि तथा पशुपन्छी विकास शाखामा अभिलेख राखि तिनीहरुको नियमन प्रवर्द्धन र अनुगमन गर्ने ।
- एग्रोभेट,पशु स्वास्थ्य कार्यकर्ता , जेटी।जेटिएहरुलाई कृषि तथा पशुपन्छी विकास शाखामा सुचिकृत गरी तिनीहरुको नियमन प्रवर्द्धन परिचालन र अनुगमन गर्ने ।
- गाउँसभाबाट स्वीकृत पशुपन्छी फर्म प्रवर्द्धन र पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रमालाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

६) फर्म दर्ताको मापदण्डः

१) साना व्यवसायिक गाईभैंसी फार्मको वर्गिकरणः

क) साना व्यवसायिक गाई भैंसी फर्मः ५ देखी १० वटा उत्पादक र स्वस्थ गाई भैंसीपालन गरी दुध उत्पादन शुरु गरेका ।

ख) मझौला व्यवसायिक गाईभैंसी फर्मः ११ देखी २० वटा उत्पादक र स्वस्थ गाई भैंसीपालन गरी दुध उत्पादन शुरु गरेका ।

ग) ठुला व्यवसयिक गाईभैंसी फर्मः २१ देखी माथि उत्पादक र स्वस्थ गाई भैंसीपालन गरी दुध उत्पादन शुरु गरेका ।

२) व्यवसायिक बाख्रा फर्मको वर्गिकरणः

क) साना व्यवसायिक बाख्रा फर्मः २५ वटा स्थानिय वा उन्नत जातका स्वस्थ बाख्रा पालन गरी उत्पादन शुरु गरेको ।

ख) मझौला व्यवासायिक बाख्रा फर्मः २६ देखि ५० वटा स्थानिय वा उन्नत जातका स्वस्थ बाख्रा पालन गरी उत्पादन शुरु गरेको ।

ग) ठुला व्यवसायिक बाख्रा फर्मः ५१ वटा देखि माथि स्थानिय वा उन्नत जातका स्वस्थ बाख्रा पालन गरी उत्पादन शुरु गरेको ।

३) वंगुर,सुँगुर व्यवसायि फर्मको वर्गिकरणः

क) साना व्यवसायि वंगुर।सुँगुर फर्मः पाठापाठी उत्पादनको लागि भए ५ वटा देखि १० वटा स्वस्थ माउँ र मासु उत्पादनको लागि भए १० वटा स्वस्थ वंगुर,सुँगुर पालन गरी १ वर्ष अघि देखि शुरु गरेको ।

ख) मझौला व्यवसायि वंगुर।सुँगुर फर्मः पाठापाठी उत्पादनको लागि भए ११ वटा देखि १५ वटा स्वस्थ माउँ र मासु उत्पादनको लागि भए २५ वटा स्वस्थ वंगुर,सुँगुर पालन गरी १ वर्ष अघि देखि शुरु गरेको ।

ग) ठुला व्यवसायि वंगुर,सुँगुर पालन फर्मः पाठापाठी उत्पादनको लागि भए १६ वटा वटा भन्दा माथि स्वस्थ माउँ र मासु उत्पादनको लागि भए ४५ वटा भन्दा माथि स्वस्थ वंगुर,सुँगुर पालन गरी १ वर्ष अघि देखि शुरु गरेको ।

४) व्यवसायिक कुखुरा फर्मको वर्गिकरणः

क) साना व्यवसायिक कुखुरा फर्मः ५०० देखि १००० ब्रोइलर र लेयर्स, स्थानिय लोकल जातको हकमा ३०० देखि ८०० सम्म पालन गरी व्यवसाय संचालन गरेको ।

ख) मझौला व्यवसायिक कुखुरा फर्मः १००१ देखि ३००० ब्रोइलर र लेयर्स, स्थानिय लोकल जातको हकमा ८०१ देखि १५०० सम्म पालन गरी व्यवसाय संचालन गरेको

ग) ठुला व्यवसायिक कुखुरा फर्मः ३००१ देखि माथि ब्रोइलर र लेयर्स, स्थानिय लोकल जातको हकमा १५०० देखि माथि सम्म पालन गरी व्यवसाय संचालन गरेको ५) व्यवसायिक हाँस फर्मको वर्गिकरणः

क) साना व्यवसायिक हाँस फर्मः ८० वटा देखि १५० वटा सम्म पालन गरेको ।

ख) मझौला व्यवसायिक हाँस फर्मः १५१ वटा देखि २५० वटा सम्म पालन गरेको ।

ग) ठुला व्यवसायिक हाँस फर्मः २५० वटा भन्दा माथि पालन गरेको ।

६)खरायो पालन व्यवसाय फर्मको वर्गिकरणः

क) साना व्यवसायिक खरायो फर्मः ३० वटा देखि १०० वटा सम्म पालन गरेको ।

ख) मझौला व्यवसायिक खरायो फर्मः १०१ वटा देखि ३०० वटा सम्म पालन गरेको ।

ग) ठुला व्यवसायिक खरायो फर्मः ३०१ वटा भन्दा माथि पालन गरेको ।

७) मत्स्य पालन फर्मको वर्गिकरणः

क) साना मत्स्य पालन व्यवसाय फर्मः २ रोपनी क्षेत्रफलको जग्गामा पोखरी खनि माछापालन गरेको मानिनेछ ।

ख) मझौला मत्स्य पालन व्यवसाय फर्मः ५ रोपनी क्षेत्रफलको जग्गामा पोखरी खनि माछापालन गरेको मानिनेछ ।

ग) ठुला मत्स्य पालन व्यवसाय फर्मः १० रोपनी क्षेत्रफलको जग्गामा पोखरी खनि माछापालन गरेको मानिनेछ ।

८) डेरी संचालनको मापदण्डः

- दैनिक १०० लिटर भन्दा बढी दुध खरिद विक्रि तथा प्रशोधन गर्ने गरी संचालित व्यवसायीलाई दुग्ध डेरी दर्ता प्रक्रियामा लगिने ।
- डेरी संचालन गर्नको लागि उचित किसिमको विक्रि वितरण गर्ने स्थान,उचित किसिमको दुग्ध भण्डारण गर्ने ठाउँ हुनुपर्नेछ ।
- डेरी संचालन गर्दा आवश्यक पर्ने सबै किसिमको सामाग्री उपकरण व्यवस्थापन गरेको हुनुपर्नेछ ।जस्तैःडिप फ्रिज,मिल्क क्यान
- दुग्ध भण्डारण गर्ने स्थान र भाडाँकुडा सधै निर्मलिकरण भएको सफासुघर हुनुपर्नेछ ।
- दुग्ध भण्डारण गर्दा तापक्रमलाई व्यवस्थापन गर्नुपर्नेछ ।
- दुग्ध संकलन,भण्डारण,वितरण गुणस्तरीय हुनुपर्नेछ ।

९) मासु पसल संचालनका मापडण्डहरुः

क) स्वच्छ मासु उत्पादनका लागि ध्यान दिनुपर्ने कुराहरुः

- मासुका लागि निरोगी पशुपन्छीहरुको मात्र बध गर्ने ।
- मासु सुरक्षित राख्नका लागि सित भण्डारण ( Cold chain maintenance) व्यवस्था गर्ने ।
- मासु पसलमा झिँगा धुलो प्रवेश नहुने वातावरण सृजना गर्ने ।
- मासु विक्रेताले सरसफाइका लागि पञ्जा,एप्रोन,माक्स,टोपी आदि जस्ता सामाग्रीको प्रयोग गर्ने ।
- मासुमा पानी छर्कने,पानीमा डुवाउने वा पानीमा भिजाएको कपडाले छोप्न नहुने ।
- मासुको आकर्षण बढाउन वा मासु सड्न बाट जोगाउन कुनै पनि रंग वा रसायनको प्रयोग नगर्ने ।
- खसी,बोका, कुखुरा,राँगा,माछा आदी एकै ठाउँमा बध तथा मासु विक्रिवितरण नगर्ने ।
- बध गरिएको पशुको भित्रयांस(आन्द्रा,भुडी,टाउको,खुट्टा,रगत) जस्ता भाग पसलमा छुट्टै राखी उपभोक्ताको माग बमोजिम मासुसंग लसपस नहुने गरी अलगै फ्रिजमा राखी विक्रि गर्नुपर्ने ।

ख) मासु पसल दर्ता तथा नविकरणको लागि निम्न अनुसारको मापडण्ड एवं भौतिक अवस्था हुनुपर्नेछः

- मासु विक्री कक्ष प्रयाप्त स्थान सहितको हुनुपर्नेछ ।
- फलोर भित्तामा टायल लगाएको हुनुपर्नेछ ।
- विक्री कक्षमा Stainless steel टेबुल/मार्बल लगाएको हुनुपर्नेछ ।
- डिजिटल तौल मेशिन भएको हुनुपर्नेछ ।
- विक्रि कक्षमा जालि/सिसा लगाएको,झिंगा नछिर्ने हुनुपर्नेछ ।
- मासु विक्रि कक्षमा डिप फ्रिजको व्यवस्था हुनुपर्नेछ ।
- Stainless steel को हातहतियार र गुणस्तरीय Chopping Bord व्यवस्था हुनुपर्नेछ ।
- बध गर्ने छुट्टै प्लेटफर्म बनाउनुपर्ने (काट्ने र विक्रि गर्ने स्थान फरक फरक हुनुपर्नेछ)
- फोहोरको उचित व्यवस्थान मिलाउनुपर्नेछ ।

१०) फलफुल तथा तरकारी पसल दर्ताको मापडण्डः

- दैनिक ५० के जी सम्म फलफुल तथा तरकारीको कारोबारो गर्ने पसललाई दर्ता प्रक्रियामा लगिनेछ ।

११) एग्रोभेटः

- सम्वन्धी निकायमा दर्ता भई आन्तरिक राजस्व कार्यालयबाट पान नं लिएर संचालन भई राखेको व्यवसायलाई पशुपन्छी विकास शाखामा सुचिकृत गरिनेछ ।

१२) जे .टि. / जे.टि. ए. नेपाल सरकारबाट मान्यता प्राप्त आधिकारीक विभिन्न शैक्षिक संस्थाबाट योग्यता पुरा गरेका प्राविधिकहरुलाई कृषि तथा पशुपन्छी विकास सम्वन्धीत शाखामा सूचिकृत गरिनेछ ।

१३) समुहः न्युनतम १५ देखि २५ कृषकहरु संगठित भई कुनै कृषि तथा पशुपन्छी विशेष काम जस्तैः बाख्रा, भैंसी,कुखुरा,सुँगुर/वंगुर,खरायो,मत्स्य,भेंडा,फलफुल,दलहन,तेलहन,खाद्यन्न,मसला तरकारी बाली आदी खेति गरिरहेको समुहलाई दर्ता प्रक्रियामा लगिनेछ ।

➢ पशुपन्छी विकास तर्फ समुह तथा फर्म दर्ता प्रक्रियाः

पशुपन्छी समुह दर्ता गर्दा आवश्यक पर्ने मापडण्डहरुः

- समुहका सबै सदस्यहरुसंग न्युनतम बाख्राः ५ वटा, भैंसीः १ वटा, भेंडाः५ वटा, वंगुरः २ वटा, कुखुराः १५ वटा, खरायोः १० वटा

- पशुपालन समुह दर्ताका लागि आवश्यक कागजातहरुः
  - समुह गठन गर्ने, आम भेलाको निर्णय
  - कार्य समितिको समुह दर्ता गरिपाउँ भन्ने निवेदन
  - समुहका सम्पूर्ण सदस्यले पारित गरेको विधान १ प्रति
  - वडा कार्यालयको सिफारिस पत्र
  - समुह सदस्यहरुको नागरिताको प्रतिलिपी
  - दर्ता गर्नको लागि समुहको निर्णय
  - राजस्व शाखामा राजस्व बुझाएको रसिद
  - सबै समुहका सदस्यहरुको तिरो तिरेको रसिदको प्रतिलिपी
- समुह नविकरण गर्न आवश्यक पर्ने कागजातहरुः
  - हितकोष रकमको विवरण
  - वार्षिक प्रगति प्रतिवेदन
  - समुहले पारित गरेको वार्षिक कार्य तालिकमा
  - समुहको निर्णयको प्रतिलिपी
  - करचुक्ताको प्रमाण पत्र प्रतिलिपी
  - सक्कल दर्ता प्रमाण पत्र
  - वडा कार्यालयको सिफारिस
  - नविकरण गरि पाउँ भनि समुहको निवेदन
  - राजस्व शाखामा राजस्व तिरेको रसिदको प्रतिलिपी
- पशुपन्छीपालन फर्म दर्ताको लागि आवश्यक पर्ने कागजातहरुः

यस गाउँपालका भित्रका पशुपन्छीपालन पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फर्म गाउँपालिकामा दर्ता गर्न चाहेमा पशुपन्छी विकास शाखाबाट फिल्ड अवलोकन, निरीक्षण गरी सोको प्रतिवेदनका आधारमा फर्म दर्ता गर्न उपयुक्त देखिएमा पशुपन्छी विकास शाखामा फर्म दर्ता गरिनेछ ।

- फर्म दर्ता गरि पाउँ भन्ने निवेदन ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटा २ प्रति
- नागरिता प्रमाणपत्रको प्रतिलिपी
- चारकिल्लाको मञ्जुरीनामा पत्र
- जग्गा भाँडामा भए १० बर्षे सम्झौता पत्र
- व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० वर्षे मञ्जुरीनामा पत्र
- ५ वर्षे व्यवसायिक योजना
- वडा कार्यालयको सिफारिस
- फर्मको छाप
- राजस्व शाखामा राजस्व बुझाएको रसिद
- लालपुर्जाको प्रतिलिपी
- तिरो तिरेको रसिदको प्रतिलिपी
    - ➢ पशुपन्छी फर्म नविकरण गर्न आवश्यक पर्ने कागजातहरुः
        - वार्षक प्रगति प्रतिवेदन
        - वार्षिक कार्ययोजना कार्य तालिका
        - करचुक्ता प्रमाण पत्र
        - वडा कार्यालयको सिफारिस पत्र
        - नविकरण गरि पाउँ भन्ने निवेदन
        - सक्कल दर्ता प्रमाण पत्र
        - राजस्व शाखामा राजस्व बुझाएको रसिद
        - नागरिताको प्रतिलिपी

कृषि विकास तर्फ समुह तथा फर्म दर्ता प्रक्रियाः

कृषक समुह दर्ताको लागि आवश्यक कागजातहरुः

- समुह गठन गर्ने, आम भेलाको निर्णय
- कार्य समितिको समुह दर्ता गरिपाउँ भन्ने निवेदन
- समुहका सम्पूर्ण सदस्यले पारित गरेको विधान १ प्रति

- वडा कार्यालयको सिफारिस पत्र
- समुह सदस्यहरुको नागरिताको प्रतिलिपी
- दर्ता गर्नको लागि समुहको निर्णय
- राजस्व शाखामा राजस्व बुझाएको रसिद
- सबै समुहका सदस्यहरुको तिरो तिरेको रसिदको प्रतिलिपी

➢ समुह नविकरण गर्न आवश्यक पर्ने कागजातहरुः
  - हितकोष रकमको विवरण
  - वार्षिक प्रगति प्रतिवेदन
  - समुहले पारित गरेको वार्षिक कार्य तालिकमा
  - समुहको निर्णयको प्रतिलिपी
  - करचुक्ताको प्रमाण पत्र प्रतिलिपी
  - सक्कल दर्ता प्रमाण पत्र
  - वडा कार्यालयको सिफारिस
  - नविकरण गरि पाउँ भनि समुहको निवेदन
  - राजस्व शाखामा राजस्व तिरेको रसिदको प्रतिलिपी

कृषि फर्म दर्ता सम्वन्धी न्युनतम मापडण्डः

- तरकारी खेतको लागि न्युनतम ५ रोपनी जग्गामा खेति भएको हुनुपर्ने ।
- मौरी पालनका लागि न्युनतम २५ वटा घारमा मौरीपालन भएको हुनुपर्ने ।
- च्याउ खेतीः २ वटा घर निर्माण भएको हुनुपर्ने ।
- फलफुल खेतीको लागि कुनै एउटै फलको न्युनतम १०० वटा विरुवा रोपेको हुनुपर्ने ।
- खाद्यन्न बालीका लागि २० रोपनी क्षेत्रफल भन्दा माथि खेति भएको हुनुपर्ने ।
- मसला बालीका लागि न्युनतम १५ रोपनी जग्गामा खेति गरिएको हुनुपर्ने ।
- नगदे बालीका लागि न्युनतम १० रोपनी जग्गामा खेति गरिको हुनुपर्ने ।

कृषि फर्म दर्ताको लागि आवश्यक कागजातहरुः

यस गाउँपालका भित्रका कृषि पेशा गर्दै आएका अगुवा कृषकले आफ्नो फर्म गाउँपालिकामा दर्ता गर्न चाहेमा कृषि विकास शाखाबाट फिल्ड अवलोकन, निरीक्षण गरी सोको प्रतिवेदनका आधारमा फर्म दर्ता गर्न उपयुक्त देखिएमा कृषि विकास शाखामा फर्म दर्ता गरिनेछ ।

- फर्म दर्ता गरि पाउँ भन्ने निवेदन ।
- हालसालै खिचिएको पासपोर्ट साइजको फोटा २ प्रति
- नागरिता प्रमाणपत्रको प्रतिलिपी
- चारकिल्लाको मञ्जुरीनामा पत्र
- जग्गा भाँडामा भए १० बर्षे सम्झौता पत्र
- व्यक्तिगत वा परिवारको नाममा जग्गा भए १० वर्षे मञ्जुरीनामा पत्र
- ५ वर्षे व्यवसायिक योजना
- वडा कार्यालयको सिफारिस
- फर्मको छाप
- राजस्व शाखामा राजस्व बुझाएको रसिद
- लालपुर्जाको प्रतिलिपी
- तिरो तिरेको रसिदको प्रतिलिपी

➢ कृषि फर्म नविकरण गर्न आवश्यक पर्ने कागजातहरुः

  - वार्षक प्रगति प्रतिवेदन
  - वार्षिक कार्ययोजना कार्य तालिका
  - करचुक्ता प्रमाण पत्र
  - वडा कार्यालयको सिफारिस पत्र
  - नविकरण गरि पाउँ भन्ने निवेदन
  - सक्कल दर्ता प्रमाण पत्र
  - राजस्व शाखामा राजस्व बुझाएको रसिद
  - नागरिताको प्रतिलिपी

➢ व्यवसाय फर्मको व्यहोरा संशोधन,कारोबार थप, प्रतिलिपि प्रासीको लागि प्रक्रियाः

  - फर्मको नाम ठेगाना, उद्देश्य, कारोबार परिवर्तन,पुँजी घटबढ गर्न चाहेमा निवेदन दिई सक्कल प्रमाणपत्र, अघिल्लो वर्षको कर चुक्ता रसिद प्रतिलिपी,

फोटो,नागरिता,वडा कार्यालयको सिफारिस पत्र,तिरो तिरेको रसिद प्रतिलिपी, सहित फर्म धनी स्वंम उपस्थित हुनुपर्ने ।

- व्यवसाय फर्मको नामसारी गर्ने प्रक्रियाः
  - व्यवसाय फर्म नामसारी गर्न चाहेमा कारण खुल्ने गरी लिने र दिनेको निवेदन सहित सक्कल प्रमाणपत्र, अघिल्लो वर्षको कर चुक्ता रसिद प्रतिलिपी, फोटो,नागरिता,वडा कार्यालयको सिफारिस पत्र,तिरो तिरेको रसिद प्रतिलिपी, सहित लिने दिने व्यक्तिहरु स्वंम उपस्थित हुनुपर्ने ।
- ठाउँसारी गर्ने प्रक्रियाः
  - ठाउँसारी गर्न चाहेमा कारण खुल्ने निवेदन सहित सक्कल प्रमाणपत्र, अघिल्लो वर्षको कर चुक्ता रसिद प्रतिलिपी, फोटो,नागरिता,वडा कार्यालयको सिफारिस पत्र,तिरो तिरेको रसिद प्रतिलिपी, र नयाँ स्थानको लालपुर्जाको प्रतिलिपि,सर्जमिन मुचुल्का,जग्गा आफ्नो नभएमा मञ्जुरीनामा/ भाँडामा भएमा कम्तीमा १० वर्षको बर्षको सम्झौता पत्र सहित उपस्थित हुनुपर्ने ।
- फर्म/समुहको खारेजीको प्रक्रियाः
  - निम्न अवस्थामा फर्म/समुह खारेज हुनेछ ।

    ५ वर्ष सम्म लगातार नविकरण नगरेमा,कार्यविधीमा उल्लेखित प्रावधानको विपरित हुने गरी अन्य कुनै कार्य गरेमा ,फार्म धनिले कारण सहित फार्म खारेजी गरी पाउँ भनि निवेदन दिएमा ।

    आवश्यक कागजातहरुः
  - निवेदन, नागरिकताको प्रतिलिपी,वडा कार्यालयको सिफारिस पत्र,सक्कल दर्ता प्रमाण पत्र,तिरो तिरेको रसिद, स्थायी लेखा नम्बर,समुहको हकमा निर्णय, गाउँपालिकाको निर्णय (कारबाहीको हकमा)

    परिच्छेद- ३
- अभिलेख सम्वन्धी व्यवस्थाः सम्पूर्ण व्यवसायीहरुले आफ्नो व्यवसायको प्रकृति अनुसार उत्पादन हुने वस्तु सेवाको प्रकृति,मुल्य,कर्मचारी फर्मको अभिलेख आदी अनिवार्य रुपमा राखुपर्नेछ ।
- अनुगमन सम्वन्धी व्यवस्थाः

- यस गाउँपालिकामा दर्ता भएका फर्म तथा समुहलाई व्यवस्थित बनाउन गाउँपालिका स्तरीय अनुगमन समितिले प्रचलित ऐन अनुसार अनुगमन गर्नेछ ।

➢ कारबाही र जरिमाना सम्वन्धी व्यवस्थाः

देहायको काम कारबाही गरेमा फर्म,समुहलाई प्रचलित ऐन अनुसार बमोजिमको जरिमाना गरिनेछ ।

- निषेध गरिएका सामाग्रीहरु विक्रि वितरण गरेमा ।
- कालो बजारी गरेमा ।
- गुणस्तर हिन वस्तु,सामाग्रीहरु वेचविखन गरेमा ।
- फर्मको अभिलेख तथा साइनबोर्ड नराखेमा ।
- चर्को मुल्यमा कुनै वस्तु, सामाग्री , कृषि/पशुपन्छीजन्य उत्पादनहरु विक्रि वितरण गरेमा ।

➢ बाधा अड्काउ सम्वन्धी व्यवस्थाः

- यो कार्यविधिको कार्यन्वयनलाई व्यवस्थित र प्रभावकारी वनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार कार्यविधिको कुनै दफा थप घट,हेरफेर वा संशोधन गर्न सकिनेछ ।
- यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध वा अष्पस्टता भएमा गाउँ कार्यपालिकाले गरेको बाधा अड्काउ फुकाउ र व्यख्या अन्तिम हुनेछ ।

➢ खारेजी र बचाउः यो कार्य विधिमा रहेको प्रापधानहरु प्रचलित संघिय प्रादेशिक तथा गाउँपालिकाको ऐन नियमसंग बाझिएको हद सम्म अमान्य हुनेछ ।

अनुसूची-१

कृषि तथा पशुपन्छी फार्म दर्ताको लागि व्यवसायिक योजना नमूना

१) व्यवसायको परिचयः

२) स्थानः

३) लक्षित बजार क्षेत्रः

४) लक्षित ग्राहकः

५) उत्पादन तथा विक्री लक्ष्यः

| क.स. | वस्तुको परिचय | अनुमानित उत्पादन वितरण | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

६) आवश्य स्थिर सम्पत्तिः

| क.स. | विवरण | आवश्यक परिमाण | दर | जम्मा मूल्य | अनुमानित आय | ह्रास रकम प्रतिवर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| | जम्मा लागत | | | | | | |

७) आवश्यक कच्चा पदार्थः

| क.स. | विवरण | आवश्यकता | | | दर | जम्मा लागत |
|---|---|---|---|---|---|---|
| | | दैनिक | मासिक | वार्षिक | | |
| १ | | | | | | |
| २ | | | | | | |
| | जम्मा | | | | | |

८) आवश्यक जनशक्तिः

| क्र.स. | आवश्कय संख्या | मासिक दर | जम्मा | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | | | | |
| २ | | | | |
| जम्मा | | | | |

९) अन्य शीर्षभार खर्चः

| क्र.स. | विवरण | एकाई | दर | वार्षिक | कैफियत |
| --- | --- | --- | --- | --- | --- |
| १ | | | | | |
| २ | | | | | |
| जम्मा | | | | | |

१०) कुल उत्पादन लागतः

| क्र.स. | विवरण | दर | जम्मा | कैफियत |
| --- | --- | --- | --- | --- |
| १ | | | | |
| २ | | | | |
| जम्मा | | | | |

११) प्रति एकाई उत्पादन लागतः

| क्र.स. | विवरण | रकम | कैफियत |
| --- | --- | --- | --- |
| १ | स्थिर सम्पत्ति | | |
| २ | संचालन अघिको खर्च | | |
| ३ | चालु पँूजी<br>कच्चा पदार्थको मौज्दात<br>तयारी मालको मौज्दात<br>उधारो<br>विक्री | | |
| ४ | जनशक्ति खर्च | | |
| ५ | शिर्षभार खर्च | | |

१२) आवश्यक कुल पुँजीः

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | स्वलगानी | | |
| २ | सापटी | | |
| ३ | कर्जा | | |
| ४ | अनुदान | | |
| | | | |

१३) प्रति इकाई विक्री मूल्यः

| क्र.स. | विवरण | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रति इकाई उत्पादन लागत ( नं ११ बाट) | | |
| २ | प्रति इकाई लागत(ह्रास तथा ब्याजबाट) | | |
| ३ | अन्तिम खर्च | | |
| ४ | अनुमानित नाफा | | |
| ५ | विक्री मूल्य | | |
| जम्मा | | | |

प्रथम चरणको नाफा नोक्सानः

| क्र.स. | विवरण | खर्च | आम्दानी |
|---|---|---|---|
| १ | विक्रिबाट आम्दानी | | |
| २ | खर्च<br>चालु खर्च<br>कच्चा पदार्थ<br>जनशक्ति<br>स्थिर खर्च<br>अप्रत्यक्ष खर्च | | |
| ३ | शीर्षभार<br>ह्रास<br>ब्याज<br>कर तिर्नुअघिको खुद नाफा(१-२) | | |

१४)	लगानीमा प्रतिफलः

१५)	पारविन्दुः

१६)	निष्कर्षः

अनुसूची-२

व्यवसाय/फर्म दर्ताको निवेदन ढाँचाः

श्री कृषि/पशुपन्छी विकास शाखा
सिस्ने गाउँपालिका,रुकुमकोट,रुकुम (पूर्वी भाग) ।

विषयः व्यवसाय/फर्म दर्ता गरी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा मैले तपशिल अनुसारको विवरण भएको व्यवसाय/फर्म संचालन गरिरहेको/गर्न इच्छुक भएकोले नियमानुसार व्यवसाय/फर्म दर्ता गरिदिनुहुन विनम्र अनुरोध गर्दछु ।

तपशिलः

फर्मको नामः

फर्म रहेको ठेगानाः

फर्मको प्रकारः

फर्मको प्रकृतिः

निवेदक

नाम थरः

ठेगानाः

मितिः

दस्तखतः

मोबाइल नं

अनुसूची –३

मासु पसल दर्ता/नविकरण गर्नको लागि पेश गरिने निवेदनको ढाँचा

मितिः

श्री पशुपन्छी विकास शाखा
सिस्ने गाउँपालिका रुकुमकोट,रुकुम (पूर्वी भाग) ।

विषयः मासु संचालन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा सिस्ने गाउँपालिका वडा नं.................स्थित ................स्थानमा गाउँपालिकाले तोकेको मापदण्ड अनुरुपको मासु पसल स्थापना/संचालन गरेको हुनाले तहाँ गाउँपालिकामा दर्ता/अभिलेखिकरणका लागि तोकिएका काजगाजहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको नामः
ठेगानाः
दस्तखतः
मितिः
फोन नं

अनुसूची –४

मासु पसल दर्ता/नविकरण गर्नको लागि स्थलगत अनुगमन फर्मेटः

| क्र.स. | विवरण | विद्वमान अवस्था (भए/नभएको) | | कैफियत |
|---|---|---|---|---|
| १ | मासु विक्री कक्ष व्यवस्थित | | | |
| २ | विक्री कक्षमा टायल | | | |
| ३ | Stainless steel टेवल/मार्वल विच्छाएको | | | |
| ४ | मासु कक्षमा जाली सिसा | | | |
| ५ | डिप फ्रिज | | | |
| ६ | Stainless steel हतियार | | | |
| ७ | बध गरिने पशुको छुट्टै प्लेट फर्म | | | |
| ८ | फोहोरको उचित व्यवस्थापन | | | |
| ९ | गमबुट,एप्रोन,टोपी,माक्स | | | |
| १० | खसि,कुखुरा,माछा, काट्ने अचानो फरक फरक | | | |

अनुगमन कर्ता

पशुपन्छी विकास शाखा

सिस्ने गाउँपालिका

अनुसूची –५

डेरी पसल दर्ता/नविकरण गर्नको लागि पेश गरिने निवेदनको ढाँचा

मितिः

श्री पशुपन्छी विकास शाखा
सिस्ने गाउँपालिका रुकुमकोट,रुकुम (पूर्वी भाग) ।

विषयः डेरी संचालन सम्वन्धमा ।

उपरोक्त सम्वन्धमा सिस्ने गाउँपालिका वडा नं.................स्थित ................स्थानमा गाउँपालिकाले तोकेको मापदण्ड अनुरुपको डेरी पसल स्थापना/संचालन गरेको हुनाले तहाँ गाउँपालिकामा दर्ता/अभिलेखिकरणका लागि तोकिएका काजगाजहरु संलग्न राखी यो निवेदन पेश गरेको छु ।

निवेदकको नामः
ठेगानाः
दस्तखतः
मितिः
फोन नं

समूह/समिति दर्ता प्रयोजनको लागि मात्र

आधारभूत सर्वेक्षण फारमः

समूह/समितिमा रहने कृषकको नामः...............................

ठेगानाः.................................

परिवार सदस्य संख्याः.......................................

पालिएका पशु/बालीको किसिमः...........................

जम्मा संख्या/ क्षेत्रफलः..............................

घाँस /बाली खेति भएको रोपनीः.....................

समूह /समितिको सदस्य बन्नुको उद्देश्यः..............................................

अन्य संचालनमा रहेका पशपन्छीपालन/कृषि समुहमा सदस्य हुनभएको छ?.................

घाँस/बाली कुन कुन लगाउनु भएको छ ?.............................

पशुपन्छी/बालीलाई कुन कुन दाना/मल प्रयोग गर्नुहुन्छ ?......................

पशुपन्छी/बाली उपचार सेवा उपलब्ध छ छैन ?..........................

पशुपन्छी/बालीहरुमा कुन रोग बढी देखिन्छ ?....................

कृत्रिम गर्भाधान सेवा छ छैन ?.....................

पशुपन्छी पालन सामुहिक रुपमा गर्नुभएको छ ?.................

उत्पादित वस्तु/बाली विक्रि गर्न बजारको समस्य छ छैन ?..............

पशुपन्छीपालन / खेती गर्नमा समस्याहरु के के छन्?.........................

कृषि/पशुपन्छीपालनले रोजगारी दिएको छ छैन ?.........................

कृषि/पशुपन्छीपालन सम्वन्धी तालिम लिनुभएको छ छैन?......................छ भने कहाँ बाट लिनुभयो ?..........................कति दिनको लिनुभयो ?.........................

सिस्ने गाउँपालिका साथै अन्य सरकारी वा गैह्रसरकारी निकायबाट अनुदान/आर्थिक/प्राविधिक/वस्तुगत सहायता प्राप्त गर्नुभएको छ छैन ?....................छ भने
कहिले........................के...........................कति...........................

विवरण पेश गर्नेको

नाम थरः.....................

ठेगानाः................................................

दस्तखत...................

मितिः......................

फोन नं...........................